# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लिखु पिके गाउँपालिका
## सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लिखु पिके गाउँपालिका

## सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

लिखु पिके गाउँपालिका

सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः २०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ७१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

लिखुपिके गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

चौंलाखर्क, सोलुखुम्बु ।

१. कैफियत सहितको राय – हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ५२ लाख १८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २ करोड ३८ लाख १९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ लाख ९९ हजार र पेश्की रू. ५ लाख समेत रू. २ करोड ५२ लाख १८ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रू. ७ करोड १४ लाख १७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजु रू. ९ करोड ६६ लाख ३५ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

लिखुपिके गाउँपालिका,

सोलुखुम्बु जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | प्रतिक्रियाबाट थप | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या (सैद्धान्तिक) | दफा संख्या (लगती) | रकम | दफा संख्या (सैद्धान्तिक) | दफा संख्या (लगती) | रकम | दफा संख्या | रकम | दफा संख्या (सैद्धान्तिक) | दफा संख्या (लगती) | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| ४६ | २० | २५२१८ | ० | ० | ० | ० | ० | ४६ | २० | २५२१८ | २३८१९ | ० | ८९९ | ० | ० | ८९९ | ५०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | ७१४१७ | ० | ० | ७१४१७ | ० | २५२१८ | ९६६३५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | - | प्रतिक्रिया प्राप्त नभएको | - |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | - | - | - |
| | २०७७।७८ | - | - | - |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | | | - |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय-**

**(क) लिखुपिके गाउँपालिकाको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस लिखुपिके गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १२४.३८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५ हजार २ सय ६४ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरीने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।११ देखि २०८०।०६।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः** पालिकाको आय — व्ययतर्फ रू. ५३,९३,५४,१६९।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **प्रासि भुक्तानी हिसाब —** लिखुपिके गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्रासि भुक्तानी हिसाब देहाय अनुसार छ ।

| .नं. | आय | | .नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | **गत वर्षको जिम्मेवारी** | | | **चालु** | १५२३६९२३७ |
| | बैंक मौज्दात | १६१३४४८१ | | **पूँजीगत** | ६६९९८००७ |
| २. | **धरौटी अल्या** | १५३३५०५ | | **धरौटी फिर्ता** | ४५०९०९ |
| | यस वर्षको धरौटी आम्दानी | ९१७३३५ | | **सामाजिक सुरक्षा** | २७९७९८५५ |
| ३. | **आन्तरिक राजश्व आम्दानी** | | | **संघीय सशर्त फिर्ता** | १८५७९०५४ |
| | आन्तरिक राजश्व | १३३९६३२ | | **मौज्दात** | |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | १७३३०३४ | | बैंक मौज्दात | २०४४७१९५ |
| | राजश्व बाँडफाँड संघीय सरकार | ४२६९९७५८ | | धरौटी मौज्दात | १९९९९३१ |
| | अन्य आय | | | विविध कोष खाता | २८७४०० |
| ४. | संघीय सरकारबाट प्राप्त अनुदान | | | | |
| | वित्तीय समानिकरण अनुदान | ७०११५००० | | | |
| | सशर्त अनुदान | १०८१५१००० | | | |
| | समपुरक अनुदान | ० | | | |
| | विशेष अनुदान | ० | | | |
| ५. | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | | |
| | वित्तीय समानिकरण अनुदान | ३३७२२५० | | | |
| | सशर्त अनुदान | ४०४२२५० | | | |
| | समपुरक अनुदान | २९७८०४० | | | |
| ६. | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| | सडक बोर्ड नेपाल | १०००००० | | | |
| | जिल्ला समन्वय समिति | ७०२४०३६ | | | |
| | सामाजिक सुरक्षा | २७९७९८५५ | | | |
| | **जम्मा** | **२८९१११५८८** | | **जम्मा** | **२८९१११५८८** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक विवरणको विश्लेषण -** पालिकाले उपलब्ध गराएको विवरण अनुसार म.ले.प.फा.नं. २७२ मा पालिकाको कुल बजेट रू. २५ करोड ३१ लाख ७ हजार रहेको देखिन्छ, भने CGAS मा बजेट रू. ३ करोड ६० लाख ३ हजार रहेको देखिन्छ । म.ले.प.फा.नं. २७२ तथा २७५ र CGAS तर्फको बजेट समावेश गर्दा पालिकाको कुल बजेट रू. २८ करोड ९१ लाख ११ हजार हुन आउँछ । म.ले.प.फा.नं. २७२ मा CGAS तर्फको बजेट समावेश भएको छैन ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण प्रणाली -** पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु

उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।

प्रदेश निजामति सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा ४६(४) अनुसार तलबी प्रतिवेदन पारित नगरेको ।

कार्यक्रम कार्यान्वायन पुस्तिकामा तलबी प्रतिवेदन पारित गरी स्थायी शिक्षकको तलब भत्ता भुक्तानी गर्नुपर्नेमा सो नगरी स्थायी शिक्षकको तलब भत्ता रू. २ करोड ३७ लाख ३६ हजार ३ सय ६७ भुक्तानी गरेको ।

तोकिए बमोजिम जिन्सी निरीक्षण नगरेको ।

प्रदेश निजामति सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा १२(१) अनुसार प्रदेश लोक सेवा आयोगमा रिक्त पदको सूचना नदिएको ।

पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको अनुगमन नगरेको ।

भवन संहिता पालना नगरेको ।

तोकिए बमोजिम लेखा समितिको गठन नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट र खर्च** - यस सम्बन्धमा देखिएका व्यहोराहरु छन् ।

५.१ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७९।०३।१० गते रू. २५ करोड ७८ लाख ५५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५.२ **बजेट विनियोजन-** आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

(रू. हजारमा)

| कुल बजेट रू. | चालु बजेट रू. | प्रतिशत | पूँजीगत बजेट रू. | प्रतिशत |
|---|---|---|---|---|
| २५,७८,५५ | १७,६३,२५ | ६८.३८ | ८,१५,३० | ३१.६१ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रू. २५ करोड ७८ लाख ५५ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ ६८.३८ प्रतिशत र पूँजीगत तर्फ ३१.६१ प्रतिशत बजेट विनियोजन भएको छ ।

सैद्धान्तिक बेरुजु

५.३ **अबण्डा बजेट-** पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रू. ४० लाख बजेट अबण्डा राखी कार्यपालिकाको निर्णयबाट खर्च गरेको छ । बजेट अवण्डा राखी गाउँसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा अध्यक्षको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.४ **मौज्दात रकम-** पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रू. २१ करोड ९३ लाख खर्च गरेको छ, भने पालिकाको बैंक खातामा रू. २ करोड ४ लाख ४७ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सधैं गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.५ **बजेट तथा पूँजीगत खर्च-** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

(रू. हजारमा)

| क्र.स. | आर्थिक वर्ष | बजेट रू. | पूँजीगत खर्च रू. | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ८,१५,३० | ६,६९,९८ | ८२.१७ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रू. ८ करोड १५ लाख ३० हजार विनियोजन गरेकोमा रू. ६ करोड ६९ लाख ९८ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ८२.१७ प्रतिशत मात्र हुन आउँछ ।

सैद्धान्तिक बेरुजु

५.६ **बजेट तथा चालु खर्च-** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी विनियोजन गरिएको हुन्छ ।

(रू. हजारमा)

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट रू.** | **चालु खर्च रू.** | **बजेटको तुलनामा चालु खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९/८० | १७,६३,२५ | १५,२३,६९ | ८६.४१ |

पालिकाले यस वर्ष चालु तर्फ रू. १७ करोड ६३ लाख २५ हजार विनियोजन गरेकोमा रू. १५ करोड २३ हजार ६९ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ८६.४१ प्रतिशत हुन आउँछ

सैद्धान्तिक बेरुजु

५.७ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक पूँजीगत बजेट रु** | **खर्च रकम रु** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | ६,६९,९८ | २,९८,०० | ४४.४७ |
| सम्पदा पूर्वाधार | | १५,१४ | २.२६ |
| खानेपानी तथा सरसफाई | | १७,६५ | २.६३ |
| भवन आवास तथा सहरी विकास | | १,७७,८६ | २६.५४ |
| उर्जा | | १५,७६ | २.३५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा पूँजीगत खर्च रू. ६ करोड ६९ लाख ९८ हजार गरेकोमा सडक निर्माण तथा मर्मतमा ४४.४७ प्रतिशत, भवन आवास तथा सहरी विकासमा २६.५४ प्रतिशत, सम्पदा पूर्वाधारमा २.२६ प्रतिशत, खानेपानी तथा सरसफाईमा २.६३ प्रतिशत र उर्जामा २.३५ प्रतिशत बजेट खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

५.८ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रू.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ६१३० | ० | २७५ | ५०५ | ५८०५ | २९२३ |
| २ | प्रदेश पूँजीगत | २९७८ | ० | ४०० | ४०० | २१७८ | १९३८ |
| ३ | गाउँपालिका पूँजीगत | ५७४३२ | ४५९५ | ८२९२ | ९७६७ | ३४७७८ | २१९७ |
| | **कूल खर्च** | **६६५४०** | **४५९५** | **८९६७** | **१०६७२** | **३४७७८** | **७०५८** |
| | **खर्च प्रतिशत** | **१००** | **६.९** | **१३.४७** | **१६.०४** | **६४.२६** | **१०.६** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्च ६४.२६ प्रतिशत खर्च भएको देखिन्छ, भने असार महिनामा मात्र १०.६० खर्च भएको देखिन्छ । त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **कर्मचारी व्यवस्थापन** - यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् ।

६.१ **दरबन्दी र पदपूर्ती** - पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | स्वीकृत पद | दरबन्दी सख्या | पदपूर्ती | | स्थायी पदपूर्ती गर्न बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | अधिकृत छैठौं/ सातौं / आठौं | ९ | २ | ० | ७ |
| २ | सहायक पाँचौं | २१ | २ | १४ | १९ |
| ३ | सहायक चौथो | १८ | २ | १२ | १६ |
| ४ | कार्यालय सहयोग | ० | ० | ११ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | हलुका सवारी चालक | ० | ० | ३ | ० |
| जम्मा | | ४८ | ६ | ४० | ४२ |

उपर्युक्त विवरण अनुसार पालिकामा स्वीकृत दरबन्दी ४८ भएकोमा स्थायी पदपूर्ती ६ र करारमा नियुक्त ४० गरी जम्मा ४६ पदपूर्ती भएको देखिन्छ । पालिकाले तोकिए बमोजिम करारमा नियुक्त र रिक्त पदहरु पूर्ती गरी गुणस्तरिय सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी-** प्रदेश निजामति सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा ४६(४) अनुसार प्रदेश किताबखाना वा प्रचलित कानुन बमोजिमको निकायबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी १३ जना स्थायी कर्मचारीलाई रू. ८२ लाख ७९ हजार तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.३ **रिक्त पदको सूचना नदिएको-** प्रदेश निजामति सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले १५ दिन भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ४८ जना रहेकोमा ६ जना स्थायी, ४० जना करारमा कार्यरत रहेका छन् भने ४२ पद स्थायी पूर्ती गर्न बाँकी रहेका छन । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अवधिसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

सैद्धान्तिक बेरुजु

६.४ **स्वतः पद रिक्त-** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १३(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १३(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वतः बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०७९/८० का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपाठाई ४० जनालाई करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वतः निष्क्रिय हुने देखिन्छ । साथै स्वतः बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **कानून निर्माण र कार्यान्वयन-**

७.१ **कानुन निर्माण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | २८ |

| | | |
|---|---|---|
| २. | नियमावली | ० |
| ३. | कार्यविधि तथा निर्देशिका | १० |
| ४. | नीति | १ |
| | जम्मा | ३९ |

पालिकाले आर्थिक वर्ष २०७९।८० सम्म २८ ऐन, १० कार्यविधि तथा निर्देशिका र १ नीति गरी जम्मा ३९ वटा कानुन निर्माण गरेको छ ।

सैद्धान्तिक बेरुजु

७.२ **न्यायीक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ४ | २२ | २६ | २४ | २ |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **सेवाप्रवाहको स्थिति-** पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न विषयमा ६७७ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ३८९ |
| मृत्यु दर्ता | ९४ |
| बसाईसराई दर्ता | ६६ |
| विवाह दर्ता | १६९ |
| सम्बन्ध विच्छेद दर्ता | २ |
| जम्मा | ६७७ |

सैद्धान्तिक बेरुजु

९ **भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन-** पालिकाले सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन पालिकामा प्राप्त भएको छ

| क.स. | विवरण | घरधुरी संख्या |
|---|---|---|
| १ | भूमिहिन दलित | १ |
| २ | भूमिहिन सुकुम्बासी | २० |
| ३ | अव्यवस्थित बसोबासी | ० |
| | जम्मा निवेदन | २१ |

प्राप्त निवेदन उपर वडा तथा पालिकाबाट थप कारबाही हुने क्रममा रहेको जानकारी प्राप्त भएको छ ।

सैद्धान्तिक बेरुजु

१० **मन्दिर र गुम्बा निर्माण-** पालिका भित्र रहेका मन्दिर र गुम्बाको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **धार्मिक स्थलको प्रकार** | **२०७८।०७९ सम्मको संख्या** | **२०७९।८० मा थप संख्या** | **पालिकाको अनुदान रकम** |
|---|---|---|---|---|
| १. | मन्दिर | ३५ | १ | १०,००,००० प्रदेश सरकार |
| २. | गुम्बा | ० | १० | १५,००,००० |
| | **जम्मा** | **३५** | **११** | **२५,००,०००** |

उपरोक्त विवरण अनुसार पालिका भित्र आर्थिक वर्ष २०७८।७९ सम्म १ वटा मन्दिर, १० वटा गुम्मा गरी जम्मा ११ वटा धार्मिक स्थल रहेका छन् भने यस वर्ष मन्दिर र गुम्बालाई रू.२५ लाख अनुदान दिएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **परामर्श सेवा खरिद-** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रू. १७ लाख ८५ हजार ४ सय भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रू. | सम्झौता रकम रू. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका प्रशासकीय भवन | आकार डिजाइनर्स एण्ड डेभलपर्स प्रा लि | १९,७२,९५५/- | १७,८५,४००/- | ९.८५ | टेण्डर |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष गाउँपालिका प्रशासकीय भवन कार्यमा टेण्डर विधिबाट १ वटा सेवा खरिदका लागि जम्मा रू. १९ लाख ७२ हजार ९ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रू. १७ लाख ८५ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ९.८५ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२ **अधुरा आयोजना -** पालिकामा देहाय बमोजिमका आयोजना अधुरा रहेको विवरण पेश भएको छ ।

| सि.नं. | योजना को नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | लागत अनुमान | सम्झौता रकम | खर्च रकम | हाल सम्मको प्रगति | कार्य हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|---|---|---|
| १ | हिम गंगा मा.बि को अधुरो भवन निर्माण | २०७९।०६।०९ | २०७९।११।२८ | २५,००,००० | २५,००,००० | ४ लाख प्रथम रनिङ्ग बील ५०००००<br>पेश्की | भौतिक प्रगति १०० प्रतिशत | अ.दु.अ.आ उजुरी |
| २ | श्री बुद्ध मा.बि गोली बौद्धमा सरस्वती मन्दिर निर्माण | २०८०/०२/२८ | २०८०/०३/१८ | १०,००,००० | १०,००,००० | ८,८०,००० | फिनिसिङ्ग बाहेक सबै | आर्थिक वर्षमा बजेट विनियोजन नभएको |

उपरोक्त विवरण अनुसार पालिकमा २ वटा योजना अधुरो रहेको देखिन्छ । हिमगंगा माध्यामिक विद्यालयको मिति २०७९।११।२८ सम्म सम्पन्न गर्ने गरी मिति २०७९।०६।०९ मा रू. २५ लाखमा समझौता भइ रू. ४ लाख प्रथम रनिङ्ग बील र रू. ५ लाख पेश्की दिएकोमा भौतिक प्रगती १०० प्रतिशत भएकोमा फिनिसिङ्गको काम बाँकी रहेको देखिन्छ । भौतिक प्रगति भएता पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको कारण उक्त भवनमा पठनपाठन कार्य सुरु हुन नसकेको पालिकाको भनाई रहेको छ । श्री बुद्ध माध्यामिक विद्यालयको भवन २०८०।०२।२८ गते रू. १० लाखमा २०८०।०३।१८ सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा हाल सम्म रू. ८ लाख ८० हजार भुक्तानी भएको छ भने संरचनाको काम भएको तर फिनिसिङ्गको काम बाँकी रहेको देखिन्छ । आर्थिक वर्ष २०८०।८१ मा उक्त भवन निर्माणको लागि बजेट विनियोजन नगरेको पालिकाको भनाई रहेको छ ।

सैद्धान्तिक बेरुजु

१३ **ठेक्का बन्दोवस्त-** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/शीर्षक | खरिद सम्झौता रु हजारमा | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ४ | १०,२४,३३ | २ | ९,९७,५७ | ० | ० | २ | २६,७६ | १ | ३६,६० |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रू. १० करोड २४ लाख ३३ हजार लागतको

४ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रू. ९ करोड ९७ लाख ५७ हजारको २ ठेक्का, तेश्रो चौमासिकमा रू. २६ लाख ७६ हजारको २ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ३६ लाख ६० हजार बराबरको १ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ ।

सैद्धान्तिक बेरुजु

१४ **योजना छनौट र कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम रु |
|---|---|---|---|
| १ | रू.१ लाख भन्दा कमको योजना | ९ | ६,२८,८००/- |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ३१ | ५५,०६,५००/- |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | २७ | ९८,६५,५००/- |
| ४ | रू.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | १९ | १,२७,१२,३५०/- |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ६ | ८५,३७,०००/- |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ४ | १,०५,८०,७५५९/- |
| | जम्मा | ९६ | १४,३०,५७,७०९/- |

पालिकाले बजेट विनियोजन गर्दा ठुला र प्राथमिकता प्राप्त योजना छनौटमा ध्यान दिई लक्षित उद्देश्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **निर्माण कार्य व्यवस्थापन-** पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

(रू. हजारमा)

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ९६ | ४ | १०,२४,३३ | ९२ | ४,०६,१४ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ९६ योजनामा मध्ये ठेक्कामा ४ वटा योजना रू. १० करोड २४ लाख ३३ हजारको सम्झौता गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ९२ योजनामा रू. ४ करोड ६ लाख १४ हजार खर्च गरेको छ । अर्थात ९६ योजना सम्झौता गरेकोमा ४.१६ प्रतिशत ठेक्का प्रक्रिया मार्फत र ९५.८३ प्रतिशत योजना उपभोक्ता समिति मार्फत् संचालन गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **सडक निर्माण-** पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष पालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.स. | योजनाको नाम | ईकाई | २०७८/७९ सम्मको स्थिति | २०७९।८० मा थप |
|---|---|---|---|---|
| १. | ग्राबेल | घन मिटर | ११८१०.९१ | ३७६४.०९ |
| २. | नयाँ ट्र्याक | किलोमिटर | - | ५ |

पालिकाले यस आर्थिक वर्षमा थप नयाँ ट्रयका ५ किलोमिटर र सडक ग्रावेल ३ हजार ७ सय ६४ घन मिटर विस्तार गरेको विवरण उपलब्ध गराएको छ ।

सैद्धान्तिक बेरुजु

१७ **पेश्की बाँकीको विवरण-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलब्ध गराएको म्याद नाघेको रू. ५ लाख पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्यौंट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्यौंट हुनुपर्दछ ।

| **भौ.नं. मिति** | **पेश्की लिनेको विवरण** | **पेश्कीको विवरण** | **म्याद नाघेको** | **म्याद ननाघेको** | **जम्मा** |
|---|---|---|---|---|---|
| ४।२०७९।६।११ | हिमगंगा माध्यामिक विद्यालय | हिमगंगा माध्यामिक विद्यालय भवन मर्मत | ५,००,००० | ० | ५,००,००० |

| पेश्की | ५,००,००० |
|---|---|

१८ **आन्तरिक आयतर्फ -**

१८.१ **आन्तरिक आय र खर्चको विश्लेषण-** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

(रु हजारमा)

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रू. | पालिकाको जम्मा खर्च रू. | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | १३,३९ | २१,९३,६७ | ०.६१ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रू. २१ करोड ९३ लाख ६७ हजार रहेको छ भने राजश्व संकलन रू. १३ लाख ३९ हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ०.६१ प्रतिशत हुन आउँछ, जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८.२ **कर संकलन-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान रू. | असुली रू. | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | २०,००,०००/ - | १३,३९,६३२/ - | ६६.९८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष राजश्व अनुमानको तुलनामा ६६.९८ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८.३ **करको दायरा-** आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छ।

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | १२०८ | ० | ० | १०० | १०० |

सम्पत्तिकर तर्फ १०० प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८.४ **आन्तरिक आय दाखिला नगरेको-** पालिकाको वडा नं. ५ बाट यस वर्ष संकलन भएको आन्तरिक आय वापतको रू.३,३२,१८१।०० लेखापरीक्षण अवधिसम्म पनि दाखिला हुन बाँकी रहेको छ । उक्त रकम वडा अध्यक्ष श्री डिमा छिरि लामासँग रहेको देखिएकाले यथाशिघ्र असूल गरी पालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ३,३२,१८१ |
|---|---|

१९ **सहकारी तर्फ-**

१९.१ **सहकारी संस्थाको विवरण-** पालिकामा यस आर्थिक वर्षमा संचालनमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रू. | वचत रू. | ऋण लगानी रू. | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा क्रृण सहकारी संस्था लि. | २ | ९८८ | ५२,७५,४००/ - | ४,७१,३९,८७५/ - | ४,६०,९६,१७१/ - | १८,०३,५२६/ - |
| कृषि सहकारी | ३ | १,९८८ | ७४,७४,१००/ - | २,२५,७१,७७६/ - | १,६५,४०,३९२/ - | १८,४७,२९३/ - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संस्था लि. | | | | | | |
| अन्य | १ | ४६ | ३६,६४,०००/ - | ५,१६,९६८/ - | २,२२,९६१/ - | ० |
| **जम्मा** | ६ | ३,०२२ | १,६४,१३,५००/ - | ७,०२,२८,६१९/ - | ६,२८,५९,५२४/ - | ३६,५०,८१९/ - |

पालिकामा संचालनान रहेको कोपोमिक्समा १० वटा सहकारी रहेकोमा हाल ६ वटा सहकारी मात्र सम्पर्कमा रहेको देखिन्छ । पिके अग्रसर साना किसान महिला कृषि सहकारी संस्था, चौलाखर्क कृषि सहकारी संस्था, नव महिला वचत तथा ऋण सहकारी संस्था र गोली अर्ग्यानिक कृषि सहकारी संस्था सम्पर्क भन्दा बाहिर रहेको पालिकाको भनाई छ । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा सुरक्षा गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१९.२ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माण-** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर पालिकाको सहकारी ऐन, २०८० को दफा ८१ अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.३ **सहकारी संस्थाको अनुगमन-** लिखुपिके गाउँपालिकाको सहकारी ऐन, २०८० को दफा ७२ मा पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको अनुगमन गर्ने व्यवस्था गरेको छ । तर पालिका भित्र रहेका १० वटा सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती -** आर्थिक वर्ष २०७९।०८० मा पालिका भित्रका २२ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत | पदपूर्ती मध्ये करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|
| सामुदायिक | ७७ | ३४ | १७ | २५ | १ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ७७ दरबन्दी रहेकोमा ३४ जना स्थायी पदपूर्ती, १७ जना राहतमा र २५ जना करारमा नियुक्त गरी जम्मा ७६ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि १ पद रिक्त रहेको छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२१ **विद्यालय र विधार्थी संख्या -** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २२ | १,२५८ |

उपरोक्त विवरण अनुसार पालिकाको २२ वटा विद्यालयको जम्मा विधार्थी संख्या १ हजार २ सय ५८ रहेकोमा अध्यनरत रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **प्रति विद्यार्थी लागत** - पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **बजेट विवरण** | **बजेट रकम** | **खर्च रकम** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ७,०३,०६,०००/- | ६,०१,८०,००९/- | १,२५८ | ४६,८४२.६९ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रू. ४६ हजार ८ सय ४२ रहेको छ ।

सैद्धान्तिक बेरुजु

२३ **शिक्षक विद्यार्थि अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थि शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क स | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | बुद्ध माध्यामिक विद्यालय | १९ | २२० | ०१:११.६ |
| २ | हिमगंगा माध्यामिक विद्यालय | २३ | १९४ | ०१:०८.४ |
| ३ | चन्द्रज्योती माध्यमिक विद्यालय | १६ | १८७ | ०१:११.७ |
| ४ | कमलामाई आधारभुत विद्यालय | ७ | १२० | ०१:१७.१ |
| ५ | जनसेवा आधारभुत विद्यालय | १० | १०१ | ०१:१०.१ |
| ६ | गौरीशंकर आधारभुत विद्यालय | १ | ४ | १:०४ |
| ७ | विद्यादात्री आधारभुत विद्यालय | २ | १२ | १:०६ |
| ८ | सेती भुमे आधारभुत विद्यालय | २ | १६ | १:०८ |
| ९ | जनचेतना आधारभुत विद्यालय | २ | २१ | ०१:१०.५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका २२ वटा विद्यालय ७६ जना शिक्षक र १ हजार २

सय ५८ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१६.५५ रहेको छ । पालिकाले आवश्यकता र औचित्य समेतलाई विचार गरी विद्यालय शिक्षक दरबन्दी मिलान र शैक्षिक संस्थाहरुको समायोजन एवं एकिकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **शैक्षिक गुणस्तर-** गाउँपालिका अन्तर्गत रहेका ३ वटा माद्यामिक विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा १०५ जना विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विधार्थी | उतिर्न प्रतिशत |
|---|---|---|---|
| १ | ३.६१ - ४.०० | ० | ० |
| २ | ३.२१ - ३.६० | ४ | ३.८ |
| | जम्मा | ४ | ३.८ |

उल्लेखित तालिका अनुसार ३.२१-३.६० जिपिए ल्याउने विद्यार्थी संख्या ४ जना रहेको देखिन्छ । जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी संख्या न्यून देखिएकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२५ **शिक्षक दरबन्दी र विद्यालय समायोजन-** पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:१६.५५ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले उक्त कानूनको पालना गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ५ वडाहरुमा ८ वटा आयोजनामा बाटो सोलिङ निर्माण कार्य, कुलो खन्ने कार्य लगायतका कार्य सञ्चालन गरी यस वर्ष ८४ जनालाई रोजगारी उपलव्ध गराई रू.६३,१६,८००/- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

२७ **लम्पी स्किन-** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पशु चौपायामा फैलिएको लम्पी स्किन रोगले देहायका पशु चौपायामा क्षती पुर्याएको देखिन्छ ।

| पालिका भित्रका पशु चौपायाको संख्या | रोगबाट प्रभावित चौपायाको संख्या | मृत्यू भएका चौपायाको संख्या | औषधी उपचारमा भएको खर्च रु |
|---|---|---|---|
| १२,९०३ | ३०९ | ३६ | ५,५० ,००० / - |

उपरोक्त विवरण अनुसार पालिका भित्र पशु चौपाया १२ हजार ९ सय ३ रहेको छ भने ३ सय ९ रोगबाट प्रभावित

तथा ३६ वटाको मृत्यू भएको देखिन्छ । पालिकाले उक्त महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि रू. ५ लाख ५० हजारको औषधी प्रयोग गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२८ **स्वास्थ्य तर्फ-** पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती मध्ये स्थायी | पदपूर्ती मध्ये करार | सेवाग्राहीको संख्या | औषधी वितरण रू. |
|---|---|---|---|---|---|---|
| अस्पताल | १ | ० | ० | १ | ६,१८१ | १९,७५,०००/ - |
| स्वास्थ्य चौकी | ३ | १५ | १ | १४ | | |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र | २ | ४ | ० | ४ | | |
| सामुदायीक स्वास्थ्य ईकाइ | ४ | ४ | ० | ४ | | |
| जम्मा | १० | २३ | १ | २३ | | |

उक्त विवरण अनुसार पालिकामा जम्मा अस्पताल १, स्वास्थ्य चौकी ३, आधारभुत स्वास्थ्य सेवा केन्द्र २ र सामुदायिक स्वास्थ्य ईकाइ ४ मा कुल ४५ दरबन्दी रहेकोमा हाल २७ पद स्थायी र २३ पद करार मार्फत पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९ **अनुदान व्यवस्थापन-** कृषि तर्फका कार्यक्रम संचालन गर्न ५ वटा वडामा ५ वडा कृषक समुह गठन गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ६ वटा | २४ लाख |
| २ | पशु तर्फ | १० वटा | २३ लाख ४० हजार |
| | जम्मा | १६ वटा | ४७ लाख ४० हजार |

उपरोक्त विवरण अनुसार १६ वटा कार्यक्रमको लागि रू. ४७ लाख ४० हजार वितरण गरेको छ । अनुदान वितरण गर्दा संघीय र प्रदेश सरकारसंग दोहोरो नपर्ने तथा कार्यक्रममा संचालनको दिगोपना सुनिश्चित गर्ने तर्फ दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **विल भरपाई पेश नभएको -** १२१।२०८०।०३।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने विल, भरपाई, प्रमाण र काजगात संलग्न गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत मसलन्द तथा इन्टरनेट खर्च वापत रू. ४,१६,०००/- विभिन्न विद्यालयलाई निकासा गरेकोमा खर्चको पुष्टि गर्ने कागजात संलग्न नरहेकोले उक्त खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१६,००० |

३१ **सेनिटरी प्याड खरिद -** १०५।२०८०।३।१२ यस वर्ष पालिकाले दरभाउ पत्रको प्रक्रियाबाट सामुदायिक विद्यालयका छात्राहरुलाई निशूल्क वितरण गर्न ३,५०० प्याकेट सेनिटरीप्याड खरिद गरी अंकुर डाईगोष्टिक एण्ड सर्जीकल सेन्टरलाई रू.२,८६,७३७/- भुक्तानी गरेको छ । छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा खरिद गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा यस आर्थिक वर्षको अन्त्यमा खरिद गरेको ३,५०० प्याकेट सेनिटरी प्याड लेखापरीक्षणको समय (भाद्र १०) मा जिन्सी शाखाबाट एकमुष्ट खर्च घटाइ शिक्षा शाखा संयोजकले बुझेको देखिन्छ । उक्त प्याडहरु पालिकामा नै देखिएकोले विद्यालयमा वितरण गरेको भरपाई पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४६,७३७ |

३२ **आर्थिक सहायता** - पालिकाले यस वर्ष आर्थिक सहायता सम्बन्धी ऐन, २०७७ बमोजिम विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायत यस वर्ष रू. १६ लाख २३ हजार आर्थिक सहायता वितरण गरेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **बढी भुक्तानी -** ४।२०७९।६।७ पालिकामा रहेको श्री बुध्दभुमी माध्यामिक विद्यालयका विज्ञान शिक्षक श्री राजिब कुमार कुशवाहा मिति २०८०।५।२२ बाट नियुक्ति लिएकोमा विद्यालयले प्रथम त्रैमासिक तथा दशै भत्ता निकासा माग गर्दा निजको प्रथम त्रैमासिक पुरै तथा चाडपर्व खर्च समेत रु १८०७५६।०० भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम सम्वन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८०,७५६ |

३४ **खर्च एकिन नभएको-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसार प्रत्येक विद्यालयलाई ई.मि.स. डाटामा प्रविष्ट गरिएको विद्यार्थी संख्याका आधारमा प्रति विद्यार्थी तोकिए बमोजिमको रकम पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ई.मि.स. डाटालाई आधार बनाई विद्यालयको खातामा निकासा गरेकोमा कार्यक्रम कार्यन्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यालयमा बिल भरपाई राख्ने तर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| | इ.सि.डी.प्रति विद्यार्थी अनुदान | ६०,५००/- |
| | सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागि निशुल्क पा. पु. वितरण | ८,५३,८५५/- |
| १३४।२०८०।३।२२ | छात्रवृत्ति वापतको रकम | २,१७,३००/- |
| १३५।२०८०।३।२२ | दिवा खाजाकार्यक्रम | १७,३१,४९९/- |
| १४२।२०८०।३।२४ | छुटछात्रवृत्ति रकम चन्द्रज्योती मा.वि. | २२,५००/- |

| | |
|---|---|
| **जम्मा** | **२८,८५,६५४/-** |

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **सामाजिक परीक्षण प्रतिवेदन-** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सम्बन्धी व्यवस्था छ । आधारभूत तह सञ्चालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान आधारभूत प्रति विद्यालय वार्षिक रू. १० हजार तथा माध्यामिक विद्यालय प्रति विद्यालय वार्षिक रू. १५ हजार दिने व्यवस्था रहेको छ ।पालिकामा सञ्चालित २२ बटा विद्यालयहरुलाई रू. २,३०,०००/- भुक्तानी गरेकोमा देहायबमोजिमका ८ विद्यालयहरुले सामाजिक परीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म पेश भएको नदेखिएकोले पेश हुनुपर्ने रू.

| सि. नं . | विद्यालयको नाम | रकम रू. |
|---|---|---|
| १ | श्री बुढाकिन्जा आ.वि. भकान्जे | १०,००० |
| २ | श्री सिंह सेतिदेवी आ.वि. चौलाखर्क | १०,००० |
| ३ | श्री विद्यादात्री आ.वि. चौलाखर्क | १०,००० |
| ४ | श्री हिमगंगा मा.वि. चौलाखर्क | १५,००० |
| ५ | श्री गोली आ.वि. गोली | १०,००० |
| ६ | श्री सेती भुमे आ.वि. | १०,००० |
| ७ | श्री रिगेल्मु आ.वि. गोली | १०,००० |
| ८ | श्री नमुना आ.वि. गोली | १०,००० |
| | जम्मा | ८५,००० |

| प्रमाण पेश नगरेको | १,७०,००० |
|---|---|

३६ **उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्याक्ट्रबाट गराउन नहुने उल्लेख छ । सोही नियममा कुनै कारणवश सो समिति वा समुदायले आफैंले काम सम्पन्न गर्ननसक्ने भएमा सोको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने र त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी सो काम सार्वजनिक खरिद ऐन र नियमावली वमोजिम गराउनुपर्ने उल्लेख छ । तर उपभोक्ता समितिले पालिकासंग सम्झौता गरेका कतिपय योजनाहरु आफैले सम्पन्न नगरी निर्माण व्यावसायी/आपुर्तीकर्ता मार्फत गराएको देखियो । पालिकाले आगामी दिनमा उपभोक्ता समितिलाई कार्य लगाउदा उपभोक्ता समितिको क्षमता, प्रयाप्त जनशक्ति तथा निर्माण कार्यको गुणस्तर लगायतका पक्षहरुलाई ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **ढुङ्गा, गिटी, बालुवाको शुल्क-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) (१) अनुसार गाँउपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिटी, बालुवा एवं माटोवजन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । त्यसैगरी कोशी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ अनुसार ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा र स्लेट संकलनमा अनुसूची ४ बमोजिम मूल्य अभिवृद्धि कर बाहेक प्रति घन फिट रू.६।०० शुल्क लाग्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

पालिकाको सिमा भएर बग्ने लिखु नदी रहेको र उक्त नदीमा यस पालिकाको क्षेत्रमा ३ हाईड्रोपावर आयोजना निर्माणधीन/निर्माण सम्पन्न भएको विवरण प्राप्त भएको छ । ति जलविद्युत आयोजना निर्माणका क्रममा लिखु खोलाबाट ढुङ्गा, गिटी, बालुवा उत्खनन् गरी प्रयोग गरेता पनि पटक पटक ताकेता गर्दा समेत सोको शुल्क नतिरेको पालिकाको भनाई रहेको छ । यस सम्बन्धमा पालिका भित्र टनेल र पावरहाउस संचालन/निर्माण गरेका देहायका आयोजनाका लागि प्रयोग भएको ढुङ्गा, गिटी, बालुवाको परिमाण मूल्यांकन एवं विश्लेषण गरिएको छ । जसका लागि रामेछापको उमाकुण्ड गाँउपालिकामा संचालित नुप्चे लिखु जलविद्युत आयोजनाको वेभ साईटमा उल्लेख भएको सिभिल वर्कमा भएको खर्च रू.१ अर्ब ५० करोड र लिखु - ४ जलविद्युत आयोजनाको वेभ साईट उल्लेख भएको गिटी र वालुवाको परिमाणका आधारमा दुवै आयोजनाको औसत प्रति मेघावाट बिजुली निकाल्न प्रयोग हुने अनुमानित परिमाण र सोका आधारमा संकलन हुनुपर्ने राजस्व रकमको गणना गरिएको छ । त्यसैले पालिकाको क्षेत्र भित्र संचालित निम्न आयोजनाको निर्माण विलका आधारमा योजनामा वास्तविक रुपमा प्रयोग भएको ढुङ्गा, गिटी र बालुवा संकलन गरे वापतको शुल्क एकिन गरी असूल गर्नुपर्ने रू.

| क्र.स. | आयोजनाको नाम | क्षमता (मेघावाट) | प्रयोग भएको ढुङ्गा, गिटी, बालुवाको अनुमानित परिमाण (घन मिटर) | दर रू. (प्रति घन मिटर) (मू.अ.कर सहित) | जम्मा रकम रू. (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १ | लिखु ए जलविद्युत आयोजना,लिखुपिके वडा नं. २ र ३ | २९ | २५,३७४।२१ | २३९।४७ | ६०,७६,३६२।०७ |
| २ | लिखु १ जलविद्युत आयोजना, लिखुपिके वडा नं. ५ | ७७ | ६७,३७२।९० | २३९।४७ | १,६१,३३,७८८।३६ |
| ३ | बुकु काप्टी जलविद्युत आयोजना, लिखुपिके वडा नं. २ | ५ | ४३७४।८६ | २३९।४७ | १०,४७,६४७।७२ |
| **जम्मा** | | | | | **२,३२,५७,७९८।१५** |

**नोटः**

• नुप्चे लिखु जलविद्युत आयोजना उमाकुण्ड - १ को उक्त आयोजनाको वेव साईट मा रहेको सिभिल वोर्कको रकम रू.१,५०,४९,१५,२४८/- लाई आधार लिईएको छ भने ढलान कार्यमा जम्मा खर्चको ६० प्रतिशत मानि २५,००० ले भाग गरिएको र ढुङ्गाको गाह्रो लगाउने कार्य जम्मा रकमको ४० प्रतिशत मानी २५,००० ले भाग गरिएको छ ।

• लिखु -४ जलविधुत आयोजना उमाकुण्ड -०७ को सो आयोजनाको वेव साईट मा रहेको Concrete को परिमाण लिएको Lining Concrete = ७०००(घ.मी.), Shotcrete = १५५५(घ.मी.), र head works rcc = ५००० (घ.मी.) बाँकीको हकमा दुईवटा योजनाको औसत लिएर प्रति मेगावाट हिसाब गरेको 57.5 र 52.4 को औसत 54.95 आएको र दुई आयोजनाको जम्मा रकम १,७४,६५,९३१.६३ र २,५८,१३,३७२.३३ को औषत लिएर प्रति मेगावाट को ३,९३,८०६.२२ लिएको । यि दुई आयोजनाको औसत लिंदा लिखु ४ जलविद्युत आयोजनामा प्रयोग भएको ढुंगाको परिमाण लिएको छैन ।

• तिन वटै आयोजना निर्माण सम्पन्न हुने अवस्था सम्म प्रयोग हुने ढुङ्गा, गिटी र बालुवाको परिमाणका आधारमा सम्भावित सामाग्री खपतको अनुमान र विश्लेषण गरिएको ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३२,५७,७९८.१५ |

३८ **मूल्य अभिवृद्धि कर कट्टी -** ४२।०७९।०९।३० मूल्य अभिवृद्धि कर नियमावली (२१ औं संशोधन), २०५३ को नियम ६(ग) मा निर्माण व्यावसायी वा आपूर्तिकर्तालाई रकम भुक्तानी गर्दा भ्याट बिलको ३० प्रतिशत भ्याट रकम कट्टी गरी सम्बन्धित पाटीको नामबाट जम्मा गरी दिनुपर्ने र बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिभिल ओशिस ईन्जिनियरिङ्ग प्रा लि लाई गाउँपालिका भूउपयोग योजना निर्माण गरेको भनि मूल्य अभिवृद्धि कर सहित रू. ८,२४,४००/- भुक्तानी गरेको देखिन्छ । उक्त पाटीलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर रू. १,१९,०८०/- लाई शतप्रतिशत मान्दा ३० प्रतिशतले हुँन आउँने मूल्य अभिवृद्धि कर रू. ३५,७२४/- पालिकाले कट्टी गरी सम्बन्धित पाटीको प्यान नम्बरमा दाखिला गर्नुपर्नेमा सो नगरी १०० प्रतिशत नै मूल्य अभिवृद्धि कर भुक्तानी गरेको देखियो । नियमावलीमा भएको व्यवस्था अनुसार उक्त पाटीले भ्याट समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,७२४ |

३९ **वडा नं.४ सडक तथा ग्याविन वाल -** २४।२०७९।९।११४ उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा १७ को अनुसूची ४ मा उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा लागत सहभागिता नगद/श्रमदान/वस्तुगत कम्तिमा १० प्रतिशत नघट्ने गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं.४ सडक तथा ग्याविन वाल निर्माण कार्य रू.९२८८००/- मा कार्य सम्पन्न गरेको देखिन्छ । सम्झौता अनुसार पालिकाले सम्झौता रकमको ९० प्रतिशत व्यहोर्ने र १० प्रतिशत उपभोक्ता समितिले जनश्रमदान वापत व्यहोर्नु पर्ने देखिन्छ । जनश्रमदान १० प्रतिशतले हुने रू. ३१,२००/- कट्टी गरी बाँकी भुक्तानी गर्नुपर्नेमा सो गरेको देखिएन । जनश्रमदान कट्टी नगरेको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,२०० |

४० **किन्जा, डाँडा, भकाञ्जे, लामाजुरा सडक -** किन्जा, डाँडा, भकाञ्जे, लामाजुरा सडक निर्माण कार्यको लागि लागत अनुमान रू. १,००,९७,५२५/७८ तयार गरी मिति २०७९।६।६ मा सूचना प्रकाशन गरेकोमा ८ वटा बोलपत्र दर्ता भएका छन । ई. विडिङ मार्फत सूचना प्रकाशन गरेकोमा प्रतिशप्रर्धामा सापकोटा निर्माण सेवाको ५२.६३ प्रतिशत कममा मूल्ल अभिवृद्धि कर समेत गरी रू.४७,८७,३६१.३९ मा ठेक्का सम्झौता भएको देखिन्छ । सो सडकको प्रथम र दोस्रो रनिङ्ग बिलबाट रू. ४५,५५,०६३/. भुक्तानी गर्दा ९०.६० प्रतिशत मात्र कार्य सम्पन्न भएको देखिन्छ । उक्त निर्माण कार्यको स्रेस्ता परीक्षण गर्दा देहायको व्यहोरा देखियो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएता पनि उक्त सडक रू. ४५,५५,०६३/- को कार्य स्वीकार पेश गरेको देखिएन ।

• उक्त योजना मिति २०८० बैसाख ३० सम्म मा सम्पन्न गर्ने गरी सम्झौता भएता पनि २०८० असार २१ मा सम्पन्न

भएको छ । सम्झौता भन्दा ५२ दिन ढिला कार्य सम्पन्न भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) अनुसार ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ती वापत रू. ४७,८७३/- सम्बन्धित निर्माण व्यावसायीबाट असूल गरी दाखिला गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ४७,८७३ |
|---|---|

४१ **ढुङ्गा, गिट्टी, बालुवाको संकलन शुल्क -** प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ अनुसूची - ४ मा ढुङ्गा, गिट्टी, बालुवाको संकलन र प्रयोग गर्दा प्रति घनफिट रू. ६ का दरले कर तिर्नुपर्ने व्यवस्था छ । तर पालिका भित्र संचालनमा रहेका योजनामा उपभोक्ता समिति र निर्माण व्यावसायीबाट ढुङ्गा, गिट्टी, बालुवाको प्रयोग गरेवापत कर तिरेको देखिएन । पालिकाले आन्तरिक श्रोतको दायरा विस्तार गर्न, आयको परिचालन गर्न, आई.इ.इ प्रतिवेदन अनुसार ठेक्का भन्दा बाहिर उत्खनन् गर्दा करको दायरामा ल्याउनको लागि पनि अनिवार्य रुपमा कर लिनुपर्ने देखिन्छ भने प्रदेश आर्थिक ऐनको समेत पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ । पालिका भित्र संचालन भएका योजनामा ढुङ्गा, गिट्टी, बालुवाको रोयल्टी रकम संकलन नगरेका केही योजनाहरुको विवरण उदाहरण स्वरुप देहाय बमोजिम राखिएको छ ।

| सि.नं. | विवरण | वडा नं. | परिमाण( घ . मि .) | दर रू. | रकम रू. |
|---|---|---|---|---|---|
| १. | लामङवा कृषि सडक | १ | ४६ | २११.६८ | ९७३७.२८ |
| २. | नागनाथ सडक | १ | ३६ | २११.६८ | ७६२०.५ |
| ३. | माथिल्लो नेस्की सडक | २ | ३१.२ | २११.६८ | ६६०४.४२ |
| ४. | जोलखु चेवार्दिङ सडक | २ | ७५.८ | २११.६८ | १६०४५.३४ |
| ५. | लिचु पोखरी धने मोड सडक | २ | २४.४ | २११.६८ | ५१६४.९९ |
| ६. | गोली हेलीप्याड ग्याविन वाल | २ | ६४ | २११.६८ | १३५४७.५२ |
| | भुजेल सेवा समाज | ४ | १० | २११.६८ | २११६.८ |

| सैद्धान्तिक बेरुजु |
|---|

४२ **सामाजिक सुरक्षा-** आर्थिक वर्ष २०७९।८० मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रू. |
|---|---|---|---|
| ५,२६४ | ७४० | १४.०५ | २,७९,७९,८५५/- |

उपरोक्त विवरण अनुसार २०७८ सालको जनगणना अनुसार पालिकाको जनसंख्या ५ हजार २ सय ६४ रहेकोमा लाभग्राही संख्या १४.०५ प्रतिशत रहेको छ । पालिकाले सामाजिक सुरक्षाको लाभग्राहीको लगत अद्यावधिक, हिसाब मिलान तथा अनुगमन निरीक्षणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : लिखु पिके गाउँपालिका, सोलुखुम्बु ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रमेश कुमार कार्की | २०७८-५-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रेख बहादुर राई | २०७७-९-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २३,८१८,६०८.१५ | ० | ८९९,६६१ | ० | ० | ५००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.** | | | | | २५,२१८,२६९.१५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रू.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.** | | | | | २५,२१८,२६९.१५ |

स्थानीय तह : : लिखु पिके गाउँपालिका, सोलुखुम्बु

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १६१३४४८१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १७८२६६००० | **चालु खर्च** | १५२३६९२३७ |
| **प्रदेश सरकारबाट अनुदान** | १०३९२५४० | **पूँजीगत खर्च** | ६६९९८००७ |
| **राजश्व बाँडफाँट** | ४४४३२७९२ | **वित्तीय/अन्य व्यवस्था** | ४७००९८१८ |
| **आन्तरिक आय** | १३३९६३२.० | | |
| **अन्य आय** | ३८५४६१४३ | | |
| **कुल आय** | २७२९७७१०७ | **कुल खर्च** | २६६३७७०६२ |
| **बाँकी मौज्दात** | | २२७३४५२६ | |